# खाद्य संहिता तथ्य पाना #5

तपाईंलाई संहिताका बारेमा के थाहा हुनुपर्छ

WWW.HEALTHOREGON.ORG
/FOODSAFETY

## कर्मचारी रोग नीति

**OAR 333-150-0000, च्याप्टर 2-201.11-13**

**2-201.12 अनुमतिपत्रधारी र जिम्मेवारी व्यक्तिको जिम्मेवारी**

**2-201.12 छुट र प्रतिबन्ध**
जिम्मेवार व्यक्तिले खाद्य कर्मचारीलाई छुट दिनु पर्ने छ वा प्रतिबन्ध लगाउनु पर्ने छ:
(A) गैर संक्रामक अवस्थाका लक्षणहरू देखिँदा बाहेक, निम्नमध्ये कुनै पनि सङ्केत वा लक्षणहरू देखिएका कर्मचारीलाई बहिष्कार गर्नुपर्छ:
(1) वान्ता हुने;P
(2) पखाला लाग्ने;P
(3) ज्वरो आएर घाँटी दुख्ने;P वा
(4) जन्डिस हुने।P
(B) शरीरको निम्न भागमा खुल्ला वा पानी बगिरहेको पीप आउने खालको घाउ भएका खाद्य कर्मचारीहरूलाई बहिष्कार गर्नुहोस् वा प्रतिबन्ध लगाउनुहोस्:
(1) हात वा नाडीमा घाउ भएमा, अभेद्य कभरले घाउलाई सुरक्षित नगर्दासम्म र अभेद्य कभरमा एकल-प्रयोगको पञ्जा नलगाउँदासम्म;P
(2) पाखुराको खाली भागमा घाउ भएमा, घाउलाई अभेद्य कभरले सुरक्षित नगर्दासम्म;P वा
(3) शरीरको अन्य भागहरूमा घाउ भएमा, घाउलाई सुख्खा, टिकाउ, कसिलोगरी-फिट हुने ब्याण्ड-डेजले कभर नगर्दासम्म।P
(C) निम्न समस्या भएका स्वास्थ्य चिकित्सक वा अनुमानितद्वारा खाद्य कर्मचारी निर्दिष्ट गरिएमा खाद्य कर्मचारीलाई बहिष्कार गर्नुहोस्।
(1) नोरोभाइरस;P
(2) हेपाटाइटिस A भाइरस;P
(3) शिगेला एसपीपी.;P
(4) एन्टरोहेमोरेजिक वा शिगा टक्सिन-उत्पादन इ. कोइल;P वा
(5) साल्मोनेला टाइफी.P

**2-201.13 छुट र प्रतिबन्धहरू हटाउने**

### जनस्वास्थ्य कारणहरू:

पखाला वा वान्त हुने समस्या निम्त्याउने खालका धेरैजसो रोगहरू बिमारी खाद्य कामदारहरूबाट ग्राहकहरूमा सर्छ। खाद्यान्नमा काम गर्ने बिमारी कर्मचारीलाई बहिष्कार गर्नु वा प्रतिबन्ध लगाउनु भनेको तपाईंको सुविधास्थलमा हुने खाद्यजन्य रोगलाई रोक्ने महत्वपूर्ण कारक तत्वहरूमध्ये एक हो। अन्य दुई महत्वपूर्ण कारक तत्वहरू भनेका उचित तरिकाले हात धुने र खानका लागि तयार भएको खानालाई नाङ्गो हातले नछुनु हुन्।

तपाईंसँग लिखित वा मौखिक कर्मचारी रोग नीति छ? यदि छैन भने, तपाईंलाई बिरामी वा संक्रमित खाद्य कर्मचारीद्वारा दूषित भएका खानेकुरासँग सम्बन्धित खाद्यजन्य रोगलाई रोकथाम गर्नका लागि एउटा नीति आवश्यक पर्छ। जिम्मेवार व्यक्ति र खाद्य कर्मचारीहरू कर्मचारी रोग नीतिसँग परिचित हुनुपर्छ र सुविधास्थलका व्यवस्थापक वा नियामक अधिकारीहरूद्वारा अन्तर्वार्ता लिएपछि जानकारी उपलब्ध गराउन सक्षम हुनुपर्छ।

**असल कर्मचारीको रोग नीतिमा तीन भागहरू पर्दछन्:**

1. व्यवस्थापन कर्मचारी रोग नीतिका कर्मचारीहरूलाई जानकार गराउन र लक्षण तथा रोगहरूको बारेमा कर्मचारीहरूलाई प्रशिक्षण गराउन जिम्मेवार हुन्छ।
2. कर्मचारीले खाद्यजन्य रोगका लक्षणहरू पहिचान गर्नुपर्छ र उहाँलाई तल सूचीबद्ध गरिएका लक्षणहरूमध्ये कुनै पनि लक्षणहरू देखिएमा व्यवस्थापनमा रिपोर्ट गर्नु उहाँको जिम्मेवारी हो भन्ने कुरा थाहा हुनुपर्छ।
3. खाद्यजन्य रोगका लक्षणहरू देखिएका, त्यसको निदान गरिएका वा सम्पर्कमा आएका कर्मचारीहरूलाई प्रतिबन्ध लगाउने वा बहिष्कार गर्ने व्यवस्थापनको योजना।

खाद्यजन्य रोगका लक्षणहरू निम्नमध्ये कुनै एक हो:

- पखाला लाग्ने
- वान्ता हुने
- ज्वरो सहित घाँटी दुख्ने
- जन्डिस हुने (आँखा र छाला पहेंलो हुने)
- हात वा पाखुरामा संक्रमित तरिकाले काट्ने वा जलन हुने

कर्मचारीहरू वान्ता हुने, पखाला लाग्ने वा ज्वरो सहित घाँटी दुख्ने जस्ता लक्षणहरू निको भएको कम्तिमा **24 घण्टा** पछि काममा फर्कन सक्दैनन्।



***धेरैजसो मानिसहरूले आफ्ना लक्षणहरूलाई व्याख्या गर्न 'पेटको फ्लू' शब्दको प्रयोग गर्दछन्***

निम्नमध्ये कुनै पनि लक्षण भएको निदान गरिएमा, कर्मचारीहरूलाई खाद्य सेवाबाट बहिष्कार गर्नुहोस् वा प्रतिबन्ध लगाउनुहोस्:

- E.coli O157:H7
- साल्मोनेला टाइफी
- शिगेला
- हेपाटाइटिस A
- नोरोभाइरस

थप जानकारी निम्नमा उपलब्ध छ: http://www.fda.gov/food/guidanceregulation/retailfoodprotection/industryandregulatoryassistance-andtrainingresources/ucm266434.htm; 2009 FDA खाद्य संहिता, परिशिष्ट 7, तपाईंको स्थानीय स्वास्थ्य विभागलाई सम्पर्क गरेर।



Oregon Health Authority